**नेपाल बार एशोसिएशन**
रामशाहपथ, काठमाडौं, नेपाल
फोन: ९७७-१-४२५४६४७
फ्याक्स: ९७७-१-४२६९१७९, ४२६२७५५
इमेल: neba@wlink.com.np
वेब: www.nepalbar.org

प.सं.

मिति: २०७२।४।५

केन्द्रीय कार्यसमिति
(२०६९-२०७२)

अध्यक्ष
हरिकृष्ण कार्की

उपाध्यक्ष
राजेन्द्र बहादुर साउद
टीकाराम भट्टराई
जनक पाण्डे
पदमप्रसाद वैदिक
अनिता गुरुङ

महासचिव
सुनिल कुमार पोखरेल

कोषाध्यक्ष
मोहन इङ्नाम

सदस्य
गजेन्द्र शंकर तिमिला
गणेशप्रसाद अधिकारी
केदारप्रसाद कोइराला
सरस्वती श्रेष्ठ
राज्यलक्ष्मी वज्राचार्य
सागर विष्ट
प्रसन्न कृष्ण दास
बिनीता कार्की
लक्ष्मीदेवी दाहाल (रावल)

सम्माननीय सभामुख श्री सुभाषचन्द्र नेम्वाङज्यू
अध्यक्ष
नेपालको संविधान सभा ।

विषय: नेपालको संविधान, २०७२ को प्रारम्भिक मस्यौदा उपर सुझाव प्रस्तुत गरिएको सम्बन्धमा ।

सम्माननीयज्यू,

नेपालको संविधान, २०७२ को प्रारम्भिक मस्यौदाका सम्बन्धमा नेबाए सल्लाहकार समितिसँग छलफल, उपत्यका बार इकाईका पदाधिकारीसँगको छलफल तथा नेबाए अन्तरगत रहेको सबै बार इकाईहरुमार्फत सुझाव संकलन गरी तर्जुमा गरिएको सुझाव यसैसाथ संलग्न गरी प्रस्तुत गरिएको छ ।

## संशोधनमा समेटिएका प्रमुख विषयहरु

### १. प्रस्तावना, राज्य र नागरिकतामा संशोधन

(१) प्रस्तावना निम्न बमोजिमले पुर्नलेखन गरिएको ।

हामी सार्वभौमसत्ता सम्पन्न नेपाली जनता;

विगतमा भएका सबै खाले विभेद, अन्याय र उत्पीडनका विरुद्धमा नेपाली जनताले पटक पटक गरेको शान्तिपूर्ण र शसस्त्र आन्दोलनमार्फत नेपाली समाजको आमूल परिवर्तन गरी समतामूलक समाजको निर्माण गर्ने उद्देश्यलाई आत्मसात गरी संघीय, समावेशी लोकतान्त्रिक गणतन्त्रको स्थापना गर्ने लक्ष्यकासाथ, विधिको शासन, मानवअधिकार, स्वतन्त्र न्यायपालिका र प्रेस स्वतन्त्रताप्रति प्रतिवद्ध रहँदै संविधानसभाद्वारा यो संविधान घोषणा गरी जारी गर्दछौं;

(२) धारा ४ मा राज्यको चरित्र बहुधार्मिक, बहु साँस्कृतिक, बहुभाषिक भन्ने थप गरि प्रस्तावनाबाट ती व्यवस्थाहरु धारा ४ मा सारिएको ।

(३) प्रस्तावना र धारा ४ मा रहेको समाजवाद उन्मुख भन्ने शव्दले अन्तरिम चरित्र ग्रहण गरेकोले सो शब्दको सट्टा समातामुलक समाज भन्ने शव्द राखिएको ।

नेपाल बार एशोसिएशन
रामशाहपथ, काठमाडौँ, नेपाल
फोनः ९७७-१-४२५४६४७
फ्याक्सः ९७७-१-४२६९१७९, ४२६२७५५
इमेलः neba@wlink.com.np
वेबः www.nepalbar.org

प.सं.

मितिः

केन्द्रीय कार्यसमिति
(२०६९-२०७२)

अध्यक्ष
हरिकृष्ण कार्की

उपाध्यक्ष
राजेन्द्र बहादुर साउद
टीकाराम भट्टराई
जनक पाण्डे
पदमप्रसाद वैदिक
अनिता गुरुङ

महासचिव
सुनिल कुमार पोखरेल

कोषाध्यक्ष
मोहन इङ्नाम

सदस्य
गजेन्द्र शंकर तिमिला
गणेशप्रसाद अधिकारी
केदारप्रसाद कोइराला
सरस्वती श्रेष्ठ
राज्यलक्ष्मी वज्राचार्य
सागर विष्ट
प्रसन्न कृष्ण दास
बिनीता कार्की
लक्ष्मीदेवी दाहाल (रावल)

(४) नागरिकता सम्बन्धि प्रस्तावित व्यवस्थामा नेपाली बावु वा आमा बाट जन्मेका सन्तानलाई निजका बावु वा आमाको नामबाट समानरुपमा नागरिकता प्राप्त गर्न सक्ने स्पष्ट व्यवस्था गरिनु पर्ने ।

## २ मौलिक हकमा संशोधन

१ धारा २१ मा बाँच्न पाउँने हक र सम्मान पूर्वक बाँच्न पाउने हक अलग अलग भएकोले सो अनुरुप मिलाउनु पर्ने ।

२ धारा २२ को प्रतिवन्धात्मक वाक्याशंमा सार्वजनिक सुरक्षा र सार्वजनिक स्वास्थ्य भन्ने शव्द थप गरी अपराध गर्न दुरुत्साहन भन्ने शब्द हटाउने ।

३ धारा २३ को उपधारा २ बाट यौनिक अभिमुखिकरण भन्ने शव्द हटाउनु पर्ने ।

४ धारा २३ को उपधारा ३ लाई उपधारा २ ले नै समेटने हुनाले उपधारा ३ हटाउने ।

५ धारा २५ को न्याय सम्बन्धी हक भन्ने वाक्याँशको सट्टा फौज्दारी न्याय सम्बन्धी हक भन्ने व्यवस्था गर्ने ।

६ धारा २५ को प्रतिवन्धात्मक वाक्यासले निवारक नजरवन्दमा रहेको व्यक्तिलाई कानुन व्यवसायी संग परामर्श गर्ने अधिकारबाट बँचित गरिएकोले त्यस्ता व्यक्तिहरुलाई पनि कानुन व्यवसायी संगको परामर्शबाट वन्चित गर्न नहुने भएकोले सो अनुरुप मिलाउने ।

७ धारा २५(४) मा थप व्यवस्था गरि गम्भीर प्रकृतिको अपराधमा भूतप्रभावित कानुन वनाउन सकिने व्यवस्था गर्ने ।

८ धारा २७ को १ मा थुनामा रहेको व्यक्तिको सट्टा कुनै पनि व्यक्तिलाई यातना दिन नपाउने व्यवस्था गर्नु पर्ने ।

९ धारा २८ मा भएको शत्रु राज्य भन्ने शव्द हटाउनु पर्ने ।

१० धारा ३० को २ मा रहेको प्रगतिशिल कर भन्ने शव्दको सट्टा आयश्रोतको अनुपातमा कर लगाने भन्ने व्यवस्था थप गर्ने र कर लगाउने व्यवस्था मौलिक हक नभएकोले त्यसलाई प्रतिवन्धात्मक वाक्याशको रुपमा राखिनु पर्ने ।

११ धारा ३१ को १ मा रहेको कुनै धर्मबाट अलग रहने स्वतन्त्रता भन्ने शव्द हटाउने ।

१२ धारा ३२ को सूचनाको हकमा सूचना माग्ने र प्राप्त गर्ने पछि प्रवाह गर्ने भन्ने शव्द थप गर्नु पर्ने ।

१३ धारा ३६ मा प्रत्येक नागरिकलाई शिक्षाको हक हुनेछ भन्ने व्यवस्था थप गर्ने ।

१४ धारा ३६ को ४ मा रहेको व्रेललिपि भन्ने शव्दको सट्टा उपयुक्त माध्यमवाट भन्ने शव्द संशोधन गर्नुपर्ने ।

१५ धारा ४४ को उपधारा ८ मा रहेको वाल अनुकुल भन्ने शव्दको सट्टा बाल मैत्री भन्ने शव्द थप गर्नु पर्ने ।

नेपाल बार एशोसिएशन
रामशाहपथ, काठमाडौं, नेपाल
फोन: ९७७-१-४२५४६४७
फ्याक्स: ९७७-१-४२६९१७९, ४२६२७५५
इमेल: neba@wlink.com.np
वेब: www.nepalbar.org

प.सं.

मितिः

केन्द्रीय कार्यसमिति
(२०६९-२०७२)

अध्यक्ष
हरिकृष्ण कार्की

उपाध्यक्ष
राजेन्द्र बहादुर साउद
टीकाराम भट्टराई
जनक पाण्डे
पदमप्रसाद वैदिक
अनिता गुरुङ

महासचिव
सुनिल कुमार पोखरेल

कोषाध्यक्ष
मोहन इङ्नाम

सदस्य
गजेन्द्र शंकर तिमिला
गणेशप्रसाद अधिकारी
केदारप्रसाद कोइराला
सरस्वती श्रेष्ठ
राज्यलक्ष्मी वज्राचार्य
सागर विष्ट
प्रसन्न कृष्ण दास
बिनीता कार्की
लक्ष्मीदेवी दाहाल (रावल)

## ३ राज्यको संरचना तथा राज्य शक्तिको बाँडफाँड

१ धारा ६० को उपधारा ३ मा प्रदेशको सिमाँकन गर्न छुट्टै आयोग वनाउने भन्ने व्यवस्थाको सट्टा यस अघिनै वनेको आयोगले दिएको सुझाव समेतका आधारमा राज्यको सिमाँकन अहिलेनै गर्दा उपयुक्त हुने ।

## ४. राष्ट्पति सम्बन्धी व्यवस्था

१ धारा ६६ को उपधारा ५ को प्रतिवन्धात्मक वाक्याशमा रहेको गोलाप्रथाद्धारा राष्ट्पतिको चयन गरिने व्यवस्था आवश्यक नभएको किनकी निर्वाचक मण्डलका सदस्यहरुको मतभार फरक फरक हुने व्यवस्था गरिएकोले त्यस्तो अवस्था आउन सक्ने देखिँदैन ।

## ५ संघिय कार्यपालिका

१ धारा ८४ को (क) मा भएको मन्त्रिपरिषद्का निर्णयहरु भन्ने शब्दको अगाडी नेपाल राज्यको शासन व्यवस्था सम्बन्धी मन्त्रिपरिषद्का निर्णयहरु मात्र राष्ट्पतिमा पेश गर्ने व्यवस्था राखिनु पर्ने ।

## ६ संघिय व्यवस्थापिका

१ धारा ८८ को १ मा संघिय व्यवस्थापिकामा समानुपातिक सुचिबाट निर्वाचित हुने सदस्यहरु सूचीमा न्यूनतम ५% थ्रेशहोल्डको व्यवस्था गरिनु पर्ने ।

२ धारा १०४ को २ मा सरकारमा सहभागी जुनसुकै दलले समर्थन फिर्तालिनासाथ प्रधानमन्त्रिले विश्वाको मत लिनु पर्ने वाध्यात्मक व्यवस्थाको सट्टा समर्थन फिर्ता लिएको कारणले प्रधानमन्त्रि अल्पमतमा पर्ने गरी तात्विक भिन्नता भएको अवस्थामा मात्र विश्वासको मत लिनु पर्ने व्यवस्था गर्नु पर्ने ।

३ सोही धारामा रहेको प्रधानमन्त्रिको विरुद्धमा २ वर्ष सम्म अविश्वासको प्रस्ताव राख्न नपाइने व्यवस्थालाई एक वर्षमा सिमित गरिनु पर्ने ।

४ धारा १०४ मा उपधारा ८ थप गरी संसदीय व्यवस्थामा प्रधानमन्त्रिको विशेषाधीकारको रुपमा रहेको प्रतिनिधि सभा विघटन गर्ने अधिकारलाई थप गरी प्रधानमन्त्रिका विरुद्धमा अविश्वासको प्रस्ताव दर्ता भएको अवस्थामा वाहेक विघटनको अधिकार प्रधानमन्त्रिलाई दिईनु पर्ने ।

## ७. महाअभियोग सम्बन्धी व्यवस्थामा

१ धारा १०५ मा उपधारा ७ थप गरी महाअभियोगको प्रस्ताव दर्ता भएको पदाधिकारीलाई सुनुवाईको मौका दिइने छ भन्ने व्यवस्था थप गरिनु पर्ने ।

नेपाल बार एशोसिएशन
रामशाहपथ, काठमाडौं, नेपाल
फोन: ९७७-१-४२५४६४७
फ्याक्स: ९७७-१-४२६९१७९, ४२६२७५५
इमेल: neba@wlink.com.np
वेब: www.nepalbar.org

प.सं.

मितिः

केन्द्रीय कार्यसमिति
(२०६९-२०७२)

अध्यक्ष
हरिकृष्ण कार्की

उपाध्यक्ष
राजेन्द्र बहादुर साउद
टीकाराम भट्टराई
जनक पाण्डे
पदमप्रसाद वैदिक
अनिता गुरुङ

महासचिव
सुनिल कुमार पोखरेल

कोषाध्यक्ष
मोहन इङ्नाम

सदस्य
गजेन्द्र शंकर तिमिला
गणेशप्रसाद अधिकारी
केदारप्रसाद कोइराला
सरस्वती श्रेष्ठ
राज्यलक्ष्मी वज्राचार्य
सागर विष्ट
प्रसन्न कृष्ण दास
बिनीता कार्की
लक्ष्मीदेवी दाहाल (रावल)

८ न्यायापालिका

१ धारा १३२ को उपधारा २ मा प्रतिवन्धात्मक वाक्याश थप गरी सम्वैधानीक अदालतले निरुपण गरेको विवाद सर्वोच्च अदालतमा पून परिक्षण गर्न नसकिने व्यवस्था राखिनु पर्ने ।

२. धारा १३२ को उपधारा ५ मा सर्वोच्च अदालतमा १५ जना स्थायी न्यायाधीश र कार्यबोझको आधारमा उच्च अदालतका मुख्य न्यायाधीशलाई काममा लगाउन सकिने व्यवस्थाको सट्टा

सर्वोच्च अदालतमा बढिमा २१ जना न्यायाधीश रहने व्यवस्था गरी अस्थायी न्यायाधीशको व्यवस्था हटाइनु पर्ने ।

३. धारा १३३ को उपधारा ४ मा रहेको १५ वर्ष वकालत गरेको वरिष्ठ अधिवक्ता वा अधिवक्ता सर्वोच्च अदालतको न्यायाधीश हुन योग्य मानिने व्यवस्थाको सट्टा २० वर्ष राखिनु पर्ने र न्याय सेवाको राजपत्राकीत प्रथम श्रेणी वा सो भन्दा माथिल्लो पदमा कम्तीमा १२ वर्ष काम गरेको अधिकृत सिधै सर्वोच्च अदालतको न्यायाधीश हुन पाउने व्यवस्था हटाइनु पर्ने ।

४. सर्वोच्च अदालतको प्रधान न्यायाधीश र अन्य न्यायाधीश तथा सवै तहका न्यायाधीशहरुको योग्यतामा उच्च नैतिक चरित्र भएको भन्ने व्यवस्था थप गरिनु पर्ने ।

५. धारा १४१ मा रहेको संवैधानिक अदालत यथा अवस्थामा राखिनु भन्दा यसको अन्तराष्ट्रिय मूल्य मान्यता अनुरुपको अधिकार क्षेत्र दिई परिवर्तन गरिनु पर्ने वा सर्वोच्च अदालतमै ५ सदस्यीय स्थायी अलग्गै संवैधानिक वेञ्च राखिनु पर्ने ।

६. धारा १४३ मा उच्च अदालतमा वढिमा १५ जना न्यायाधीश रहने व्यवस्था संविधानमानै किटान गरिनु पर्ने ।

७. धारा १४८ को उपधारा १ मा उच्च अदालतको अधिकार क्षेत्रमा प्रादेशीक व्यवस्थापिकाले वनाएको कानुनको संवैधानिकताको परिक्षण गर्ने अधिकार समेत थप गरिनु पर्ने ।

९. **प्रादेशीक व्यवस्थापिका**

१ धारा १६२ मा रहेको प्रदेश प्रमुखको योग्यतामा स्नातक तह उतिर्ण गरेको व्यवस्था थप गरिनु पर्ने ।

२. धारा १७५ को उपधारा ४ मा प्रादेशीक व्यवस्थापिकाको समानुपातिक सूचिबाट निर्वाचित हुन न्यूनतम ३ प्रतिशत थ्रेसहोल्डको व्यवस्था गरिनुपर्ने ।

नेपाल बार एशोसिएशन
रामशाहपथ, काठमाडौं, नेपाल
फोनः ९७७-१-४२५४६४७
फ्याक्सः ९७७-१-४२६९१७९, ४२६२७५५
ईमेलः neba@wlink.com.np
वेबः www.nepalbar.org

प.सं. मितिः

केन्द्रीय कार्यसमिति
(२०६९-२०७२)

अध्यक्ष
हरिकृष्ण कार्की

उपाध्यक्ष
राजेन्द्र बहादुर साउद
टीकाराम भट्टराई
जनक पाण्डे
पदमप्रसाद वैदिक
अनिता गुरुङ

महासचिव
सुनिल कुमार पोखरेल

कोषाध्यक्ष
मोहन इङ्नाम

सदस्य
गजेन्द्र शंकर तिमिला
गणेशप्रसाद अधिकारी
केदारप्रसाद कोइराला
सरस्वती श्रेष्ठ
राज्यलक्ष्मी वज्राचार्य
सागर विष्ट
प्रसन्न कृष्ण दास
बिनीता कार्की
लक्ष्मीदेवी दाहाल (रावल)

३. धारा १७५ को उपधारा ४ मा नै प्रदेश सभाको समानुपातिकको सूचि वनाउँदा सम्बन्धीत प्रदेशमा स्थायी वसोवास भएको जनसंख्याको अनुपातमा सूचि वनाउनु पर्ने व्यवस्था थप गर्नु पर्ने ।

**१०. सुरक्षा परिषद् सम्बन्धी व्यवस्था**

१. सुरक्षा परिषद्ले नेपाली सेनाको परिचालन र नियन्त्रण गर्ने हुनाले परिषद्मा प्रधान सेनापतिलाई पदेन सदस्यको रुपमा राखिनु पर्ने ।

११. धारा २९० र २९१ मा थप गरि संविधान जारी भएपछि अन्तरिम संविधान वमोजिम नियुक्त भएका सवै संवैधानिक अंगका प्रमुख तथा पदाधीकारीहरुको पुर्ननियुक्तीको व्यवस्था गरिनु पर्ने ।

१२. स्थानिय सरकारको व्यवस्थापिका र कार्यपालिकामा रहने वडा अध्यक्षको निर्वाचन प्रत्यक्ष हुने व्यवस्था गरिनु पर्ने ।

१३. राष्ट्पति र उपराष्ट्पति तथा स्थानिय सरकारको प्रमुख र उपप्रमुख मध्ये एक महिला हुनु पर्ने संवैधानिक व्यवस्था गरिनु पर्ने ।

सुनिलकुमार पोखरेल
महासचिव
नेपाल बार एशोसिएशन